# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
## सूचना १

श्री ५ को सरकारले निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी गुठी संस्थानको अध्यक्ष तथा महाप्रवन्धक श्री विश्वमान श्रेष्ठलाई गुठी संस्थानको काम यथावत गर्ने गरी भूमि-सुधार तथा व्यवस्था मन्त्रालयको सचिव पदमा मिति २०४७।७।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको मुख्य सचिव

## सूचना २

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री सन्तबहादुर राई चीन सरकारको सहयोगमा निर्माण हुन लागेको अन्तरराष्ट्रिय सम्मेलन केन्द्र निर्माण हुने सन्दर्भमा हुने छलफलमा भाग लिन चीनतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभए-सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री गौरीनाथ रिमाललाई मिति २०४७।७।११ देखि कायम मुकायम मुकरर गरेको छ ।

## सूचना ३

कृषि मन्त्रालयका सचिव श्री अक्रुरनरसिंह राणा कोरियाको यानाङ शहरमा हुने गभर्निङ वोर्ड अफ दि रिजनल नेटवर्क फर एग्रिकलचरल मेशिनरीको तेश्रो सेशनमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव (प्रा) डा. हेरम्बबहादुर राजभण्डारीलाई मिति २०४७।७।१४ देखि कायम मुकायम मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।